म.जि.प्र.का दर्ता नं:
१०४/०६७/०६८


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- २५२ २०८१ साउन २० गते आइतबार 4 August 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-




# हेटौंडा अस्पतालबाट तीन वर्षमा ३८ करोड रुपैयाँको औषधि बिक्री

आरजु सत्याल

हेटौंडा: हेटौंडा अस्पतालको फार्मेसीबाट ३ वर्षको अवधिमा झण्डै ३८ करोड रुपैयाँ बराबरको औषधि बिक्री भएको छ । अस्पतालले फार्मेसीबाट ३ वर्षको अवधिमा ३७ करोड ९५ लाख ८२ हजार रुपैयाँको औषधि बिक्री गरेको हो ।

हेटौंडा अस्पतालको फार्मेसीबाट गत आर्थिक वर्ष २०८०/०८१ मा २० करोड २३ लाख ७१ हजार, आर्थिक वर्ष २०७९/०८० मा ११ करोड १८ लाख ७८ हजार र आर्थिक वर्ष २०७८/०७९ मा ६ करोड ५३ लाख ३३ हजार रुपैयाँ गरी ३ वर्षको अवधिमा ३७ करोड ९५ लाख ८२ हजार रुपैयाँको औषधि बिक्री भएको हो । अस्पतालले ३ वर्षको अवधिमा १८ करोड ४९ लाख २६ हजार रुपैयाँ बराबरको औषधि खरिद गरेको थियो ।

आर्थिक वर्ष २०८०/०८१ मा अस्पतालले ९ करोड १९ लाख ३८ हजार रुपैयाँ बराबरको औषधि खरिद गरेको छ भने आर्थिक वर्ष २०७९/०८० मा अस्पतालले ५ करोड ५५ लाख ३४ हजार रुपैयाँ बराबरको औषधि खरिद गरेको हो । आर्थिक वर्ष २०७८/०७९ मा भने हेटौंडा अस्पतालको फार्मेसीका लागि ३ करोड ७४ लाख ५४ हजार रुपैयाँ बराबरको औषधि खरिद गरिएको छ ।




आर्थिक वर्ष २०८०/०८१ मा स्वास्थ्य बीमामा आवद्ध सेवाग्राहीले १७ करोड २० लाख २३ हजार रुपैयाँ बराबरको औषधि खरिद गरेका छन् भने आर्थिक वर्ष २०७९/०८० मा स्वास्थ्य बीमामा आवद्ध सेवाग्राहीले ८ करोड ९२ लाख ५६ हजार रुपैयाँ बराबरको औषधि खरिद गरेका थिए । आर्थिक वर्ष २०७८/०७९ मा ५ करोड ७ लाख २४ हजार रुपैयाँ बराबरको औषधि स्वास्थ्य बीमाका सेवाग्राहीले खरिद गरेको हेटौंडा अस्पतालको फार्मेसी इन्चार्ज डा. कौशलकुमार गुप्ताले जानकारी दिनुभएको छ ।

हेटौंडा अस्पतालले चालु आर्थिक वर्ष २०८१/०८२ को साउन १७ गतेसम्ममा एक करोड १६ लाख ३४ हजार रुपैयाँको औषधि बिक्री गरिसकेको छ । अस्पतालको फार्मेसीबाट दैनिकरुपमा साढे ५ लाख रुपैयाँ बराबरको औषधि बिक्री हुने गरेको छ । अस्पतालको ओपिडी सेवा सञ्चालन भएको अवस्थामा धेरै औषधि बिक्री हुने गरेको बताउँदै गुप्ताले सार्वजनिक बिदा परेको बेलामा दैनिक एक लाख रुपैयाँ बराबरको औषधि बिक्री हुने बताउनुभयो ।

हेटौंडा अस्पतालले नेपालमा नपाउने औषधि भारतबाट खरिद गरेर ल्याउने गरेको गुप्ताले बताउनुभयो । हेटौंडा अस्पतालमा औषधि खरिद गर्नेमा पार्टीतर्फ ११ जना र सर्जिकलतर्फ ४ जना रहेका छन् । हाल फार्मेसीमा एक जनामात्र स्थायी कर्मचारी रहेका छन् भने २५ जना करारका कर्मचारी रहेका छन् । फार्मेसीले अहिले आठ जना फार्मेसी सहायक माग गरेको छ ।

अस्पताल बाहिर भएका फार्मेसीहरुले संस्थालाई भन्दा बिरामीलाई सहज हुने गरेको गुप्ताले बताउनुभयो । 'फार्मेसीमा औषधि सर्टेज भएको अवस्थामा बिरामीलाई बाहिर गएर औषधि ल्याउन सहज हुने गरेको उहाँको भनाइ छ । नेपाल सरकारले बीमामा १० प्रतिशत कटौती गरेपछि अस्पतालको नगद संकलन वृद्धि भएको छ । गुप्ताका अनुसार १० प्रतिशत बीमा कटौती भएपश्चात् पार्टीलाई भुक्तानी गर्न सहज भएको छ ।

# सिस्नेरीमा सुमो दुर्घटना, १० जना घाइते

समाज संवाददाता

हेटौंडा: हेटौंडा-भीमफेदी-काठमाडौं छोटो मार्गअन्तर्गत मकवानपुरको सिस्नेरीमा सुमो पल्टिँदा १० जना घाइते भएका छन् । इन्द्रसरोवर गाउँपालिका-३, सिस्नेरीमा अनियन्त्रित भई सुमो पल्टिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

शनिबार बिहान ७ बजेर २० मिनेटको समयमा काठमाडौंबाट वीरगन्जतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००१ ज ०३६२ नम्बरको सुमो आफै अनियन्त्रित भई सडकको नाला साईडमा पल्टिएको प्रहरीले जनाएको छ । सुमो पल्टिँदा सुमोमा सवार चालकसहित १० जना घाइते भएका छन् ।


घाइतेहरुको अवस्था मध्यम रहेको प्रहरीले जानकारी दिएको छ । उनीहरुलाई उपचारका लागि काठमाडौंतर्फ पठाइएको छ ।

घाइतेमध्ये २ जना नेपाली छन् भने ८ जना भारतीय नागरिक छन् । दुर्घटनामा परी सुमो चालक पर्सा जिल्लाको बीरगंज महानगरपालिका घर भई हाल ललितपुरको बल्खु बस्ने ३३ वर्षीय जाकिर मिया तेली, बारा जिल्लाको आदर्श कोतुवाला गाउँपालिका-७ का औसान अन्सारी, भारतीय नागरिकहरु ४० वर्षीय सन्तोष रन्जन, ६१ वर्षीय सतेन साह, २० वर्षीय अफरोज आलम, ५० वर्षीय सोभरती अन्सारी, ३० वर्षीय सुनिल राम, ३५ वर्षीय प्रदिप राम, ४४ वर्षीयको मोहमद मुस्लिम र २४ वर्षीय अनिल राम रहेको प्रहरीले जनाएको छ ।

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०



समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

## सम्पादकीय

# स्थानीय सरकार: करको भार

राज्यको विकास र समृद्धिका लागि कर अपरिहार्य छ । सरकारले दैनिक प्रशासनिक खर्च तथा विकास निर्माणका आयोजनाहरु सञ्चालन गर्न करबाटै आम्दानी गर्ने हो । कर लिनु सरकारको अधिकार हो भने कर तिर्नु नागरिकको कर्तव्य हो । तर, सरकारले कोसँग, कुन शीर्षकमा, कति कर लिने भन्ने कुरा महत्वपूर्ण हुन्छ । हामीकहाँ संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारले लिने विभिन्न प्रकारका करलाई करदाताले आर्थिक भारको रुपमा लिने गरेका छन् । सरकारले अवैज्ञानिक र अव्यवहारिक रुपमा जथाभावी करको दर निर्धारण गरी कर असुली गर्ने गरेकै कारण करदाताहरु कर तिर्नभन्दा कर छल्न प्रयासरत देखिने गरेका छन् । साना-ठूला सबै प्रकारका करदाताले सरकारलाई कर तिरेर विकास तथा समृद्धिमा सघाउनुको स । कर छल्नतिर बढी प्रयत्न हुनु भनेको सरकारले प्रभावकारी करको दर निर्धारण गर्न नसकेको बुझ्न सकिन्छ ।

संघीय तथा प्रदेश सरकारले निर्धारण गर्ने कर प्राय: आम नागरिकसँग प्रत्यक्ष सम्बन्ध हुँदैन र यसबारे सर्वसाधारणलाई खासै चासो पनि हुँदैन । तर, स्थानीय सरकारले लिने विभिन्न शीर्षकका कर तथा राजश्व अधिकांश नागरिकसँग प्रत्यक्ष जोडिएको हुन्छ । यसले गर्दा स्थानीय सरकारले लिने करबारे नागरिकमा बढी चासो हुन्छ । आर्थिक वर्ष २०८१/०८२ का लागि हेटौंडा उपमहानगरपालिकाले लिने विभिन्न शीर्षकको कर तथा राजश्वको दर वृद्धि गरिएको भन्दै विरोध हुनुले यसलाई पुष्टि गर्दछ । उपमहानगरपालिकाले चालु आर्थिक वर्षका लागि कर तथा राजश्वको दरमा व्यापक हेरफेर गर्नुका साथै नयाँ शीर्षकहरुमा पनि उच्च दर कायम गरिएको छ । आर्थिक मन्दी, खुम्चिएको व्यावसायिक परिस्थितिमा स्थानीय सरकारले करको दरमा चर्को वृद्धि गरेको भन्दै व्यवसायीले विरोध गरेका हुन् । उपमहानगरपालिकाले बहाल कर प्रयोजनका लागि न्यूनतम घरभाडा दरमा २५ देखि ५० प्रतिशतसम्म वृद्धि गरेको छ भने विभिन्न शीर्षकका व्यावसायिक करमा १७ प्रतिशतदेखि १५० प्रतिशतसम्म वृद्धि गरेको छ ।

कुनै वैज्ञानिक र व्यवहारिक आधारबिना नै कर तथा राजश्वको दर परिवर्तन गरिएको व्यवसायीको भनाइ छ । नयाँ आर्थिक वर्षको राजश्व तिर्न पुगेको व्यवसायी र सर्वसाधारण राजश्वको वृद्धिदरबारे जानकारी भएपछि आश्चर्यमा परेका छन् । स्थानीय सरकारले सबै खाले राजश्व कर तथा राजश्वको दरमा वृद्धि गरेको भन्दै मकवानपुर उद्योग वाणिज्य संघले ज्ञापनपत्र बुझाएको छ । बजेट निर्माणको क्रममा राजश्व परामर्श समितिमा संघका प्रतिनिधि सहभागी हुँदा राजश्वको दर परिवर्तन नगर्ने छलफल र निर्णय भए पनि अहिले अस्वभाविक वृद्धि भएको भन्दै संघले ध्यानाकर्षण गरेको हो । उपमहानगरपालिकाले थोक तथा खुद्रा बिक्रेता, कोल्डड्रिंक्स र बेकरी, मोटर साइकल सर्भिस, कम्प्युटर, मोबाइल तथा फोटोकपी मर्मत, डिपार्टमेन्ट स्टोर लगायतको व्यवसाय कर शत प्रतिशत वृद्धि गरेको छ । ड्राइक्लिनर्स र सुपर मार्केटको व्यवसाय कर क्रमश: १३३ र १५० प्रतिशत वृद्धि भएको छ । सुनचाँदीका गरगहना बिक्रेता, कृषि तथा भेटेरिनरी, मार्टको कर पनि ५० प्रतिशतभन्दा बढी बढेको छ । गत आर्थिक वर्ष सबैखाले सहकारीलाई वार्षिक २ हजार ५ सय रुपैयाँ राजश्व लिएको उपमहानगरले चालु आर्थिक वर्षमा सहकारीलाई वर्गीकरण गरेर १२ हजार रुपैयाँसम्म असुल्ने भएको छ ।

आफ्नो व्यवसाय वा आम्दानीबाट सरकारलाई तोकिएको कर तिर्नु नागरिक तथा व्यवसायीको दायित्व हो । विकसित देशमा सरकारले करको उचित सदुपयोग गर्ने भएकाले कर तिर्ने कुरालाई सम्मान तथा गौरबका रुपमा लिने गरिए पनि हामीकहाँ करदेखि डर मान्ने परिपाटी छ । सरकारले करको भारमात्र थप्ने तर कर तिर्नेलाई कुनै प्रोत्साहन वा सुविधा नदिने गरेकै कारण करलाई बोझको रुपमा लिने गरेको पाइन्छ । आफूले तिरेको करको सदुपयोग हुने ग्यारेन्टी नहुँदासम्म सरकारले करको भार बोकाएको अनुभूति आम नागरिक र व्यवसायीले गर्नेछन् । हेटौंडा उपमहानगरपालिकाले करको दर निर्धारणको वैज्ञानिक र व्यवहारिक मापदण्ड बनाएर कर वृद्धि गर्नुको जायज कारण स्पष्ट पारेर उठेको कर सदुपयोग हुने प्रत्याभूति गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : कामप्रति आलस्यता बढ्ने समय योग छ । |
| **वृष** | : समृद्धि बढ्दा सक्रियतामा पनि वृद्धि हुने समय छ । |
| **मिथुन** | : उचित काममा सहि निर्णय हुने समय छ । |
| **कर्कट** | : परिबन्ध र बाध्यताले काममा अल्मलिएला । |
| **सिंह** | : शेयर कारोबारबाट लाभ प्राप्त हुने समय छ । |
| **कन्या** | : परिश्रमको प्रतिफल प्राप्त हुने समय छ । |
| **तुला** | : परिश्रमको प्रतिफल प्राप्त हुने समय छ । |
| **वृश्चिक** | : आडम्बर र अहंकार त्याग गर्दा राम्रो रहन्छ । |
| **धनु** | : दुराशा र महत्वकांक्षा बढ्ने समय छ । |
| **मकर** | : महत्पूर्ण काम सम्पादन हुनेछ । |
| **कुम्भ** | : आर्थिक जगेर्ना गर्न उपयुक्त समय छ । |
| **मीन** | : सीपमूलक काममा आकर्षण बढ्ला । |

# ईमान्दार र साहसी नेतृत्व खोई ?



**बिशभ अधिकारी**

'तपाई सयौं कुकुरहरुको फौज बनाउनुस् तर सेनापति सिंहलाई बनाउनुस् । सिंहले यति उत्साह र मनोबल बढाउँछ कि लडाईंमा ति कुकुर पनि सिंह झैं लड्छन् । तर तपाईँ सिंहको फौज बनाउनुस् सेनापति कुकुरलाई बनाउनुस् । ति सिंहको फौज पनि कुकुर झैं मर्छन्' नेपोलियन बोनापार्ट । मूलत: सेनापतिको साहस र आँटले निर्धारण गर्छ उसको फौजको मनोबल बढ्ने कुरा । नेपालीले परिवर्तनको नाममा ठूलो शहादत र उत्सर्ग गरेको ईतिहास छ । बलिदानीपूर्ण संघर्षको उपजको रुपमा आएको उपलव्धिले आखिर नेपाली जनतालाई के दियो ?

नेतृत्व देश बनाउने साहसी, आँटिलो र भिजनरी हुन नसक्दा मूलूक र जनताले ठूलो दु:ख, पीडामात्र पाए । प्रणाली फेरियो, पटक-पटक गरिएको परिवर्तन फगत नेता र उसका नजिकका मानिसहरुको फाईदाका लागि मात्र भयो । व्यवस्था बदलियो, अवस्था जस्ताको त्यस्तै रह्यो । २५० वर्षको ईतिहास बोकेको राजालाई पाखा लगाइयो, राजसंस्थालाई विकास र लोकतन्त्रको दुश्मन करार गरियो । आज राजा हटेको पनि १८ वर्ष हुन थाल्यो । खोई विकासले गति लिएको ? खोई लोकतन्त्रले नेपाली जनताको मुहारमा परिवर्तन ल्याएको ? राजालाई बाधक ठान्नेहरुले राजा हटेपछि चमत्कार गर्नुपर्ने थियो । किन देश झन् झन् कमजोर हुँदैछ । राजा भएर देश कमजोर भएको होईन रहेछ । आफूले लुट्न नपाएर राजा हटाएको रहेछ भन्ने कुरा घटनाक्रमहरुले पुष्टि गरेको छ ।

आज राजा छैन तर सयौं नयाँ राजाहरुको उदय भयो । तिनलाई पाल्न राज्यकोषबाट अर्बौं खर्च गरिन्छ । एउटा राजा हटाएर एकदर्जन नयाँ राजाहरु बनाईयो । तिनका राजशी ठाँट हेर्दा ति ज्ञानेन्द्र भन्दा चर्का छन् । एउटा परिवारको शासनको बिरूद्ध आवाज उठाउनेहरुले आज आफ्नै छोरी, ज्वाई, भाइ, भतिजा, श्रीमतिलाई शासन र सत्ताको केन्द्रमा राख्नु राजतन्त्रको नयाँ संस्करण हो भन्दा अत्यूक्ति नहोला । अझ नेताका छोराहरु कुनै राजकुमार भन्दा कम छैनन् । आज भुटानी शरणार्थी, सुन काण्डहरुमा यिनै राजकुमारहरुको संलग्नता देखियो ।

परिवर्तन खोजेका जनताले नयाँ शासन व्यवस्थामा कुनै नयाँ परिवर्तनको अनुभुति गर्न पाएका छैनन् । वर्तमान शासकीय स्वरुप आर्थिक अवस्था वैदेशिक सम्बन्ध, राष्ट्रियता झन् झन् कमजोर हुँदै गएको छ । यो किन भयो निर्मम ढंगबाट समीक्षा गर्ने बेला भयो । किन हाम्रो उत्पादन र उपादकत्व शून्यमा झऱ्यो ? किन सार्वजनिक ऋण र व्यापार घाटा बढेर गयो । शिक्षा, स्वास्थ्य र रोजगार उद्यमशीलता किन जीर्ण हुँदै गयो । रेमिटान्सको भर पर्नुपर्ने वित्तीय अवस्थाले हाम्रो यथार्थतालाई उजागर गर्दछ ।

निरन्तरको सरकार परिवर्तनको चक्रमा मुलुक फसेको छ । दुई ठूला दल मिलेर भर्खर नयाँ सरकार बनाएका छन् । यो सरकार जुन पृष्ठभूमिमा बन्यो त्यसको पछाडी थुप्रै रहस्यमय घटनाहरु जोडिएका छन् । भष्ट्राचारमा संलग्न उच्च तहका घरानीया नेता, कर्मचारी, बिचौलिया सबका सबको सात्तो उडेको अवस्थामा अप्रत्यासितरुपमा सत्ताको चावी बुझाउन पुगे बालकोटमा शेरबहादुर दम्पति ।

जसले मुलुकलाई यो अवस्थामा पुऱ्यायो पालैपालो तीन दशक भन्दा लामो अवधिसम्म सरकार चलायो आज तिनै पार्टी विकास, सुशासन र स्थिरताको नारा दिएर मिलेका छन् । वर्तमान सरकारले भष्ट्राचारको फाईल खोल्ने हो भने यो सरकार एक मिनेट टिक्दैन । भष्ट्राचारको विषयमा घनश्याम भुसाल भन्दै थिए, "राजाबाट कांग्रेसले सिक्यो, कांग्रेसले एमालेलाई सिकायो, कांग्रेस एमाले मिलेर भष्ट्राचार गर्न माओवादीलाई सिकायो । यसरी सबै भष्ट्राचारी भएपछि कसले कसलाई कार्वाही गर्ने ? तसर्थ यो प्रणाली नै असफल भैसक्यो । अब नयाँ ढंगबाट अघि बढ्न जरुरी छ ।"

नेपाली जनताले २०४६ सालको परिवर्तनपछि आन्दोलनको नेतृत्व गर्ने कांग्रेसलाई बहुमत दिए । आफ्नै पार्टी भित्रको गुट, आन्तरिक विवाद व्यवस्थापन गर्न असमर्थ कांग्रेसका सांसदले आफ्नै सरकारलाई अल्पमतमा पार्ने काम गऱ्यो । आन्तरिक झगडालाई प्रतिष्ठाको विषय बनाएका तात्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संसद बिघटन गरेर मध्यावधि निर्वाचन गराए । कांग्रेसले प्राप्त बहुमत थेग्न सकेन । त्यही दिनदेखि मुलुकमा अस्थिरताको बिजारोपण भयो । आज त्यहि बीउ अंकूरित र पल्लवित हुँदै झाँगिएको छ । कांग्रेस असफल हुँदा एमाले ठूलो दल भयो । यि दुबै पार्टीले पालैपालो सरकार चलाए । कांग्रेस, एमालेले खडा गरेको विकृतिको जगमै माओवादीको जनयुद्ध बलशाली हुँदै आयो । वस्तुत: मुलुकको राजनीति माओवादी हिंसाको चपेटामा पऱ्यो । एकातिर कांग्रेस-एमाले असफल हुँदै गएको, अर्कोतिर हिंसा चर्किएको अवस्थामा विस्तारै राजाको सक्रियता बढ्यो र राजा आफैं अग्रसर भएर मन्त्रिपरिषद्को अध्यक्ष भए । यस्तो अवस्थामा माओवादी र दलहरुलाई राजा विरुद्ध १२ बुँदे मार्फत भारतले मिलायो । फलत: त्यसले नयाँ राजनीतिक बाटो तय गऱ्यो । विकासको बाधक राजा हटाईयो । धर्म निरपेक्षता संघीयता जुन न आन्दोलनको माग थियो न १२ बुँदे मागमा ति मुद्दा समेटिएका थिए । यसरी जनताको भावना विपरित वैदैशिक शक्तिको दबावमा षड्यन्त्रपूर्वक नेपालीको हित र पहिचान समाप्त पार्ने खेलले गर्दा मुलुक निरन्तर अस्थिरता र अराजकताको भुमरीमा फस्यो । आज ठूला भनिने सबै दल सरकारमा छन् । म्यूजिकल चियर जस्तो यि पालैपालो सरकार चलाइराखेका छन् । पछिल्लो परिवर्तनपछि माओवादी हरेक सरकारमा सहभागी छ । यो पटक मात्र माओवादी सरकारबाट बाहिरिए पनि अब देशले समृद्धिको बाटो समात्छ भन्ने कतै आशाको सञ्चार जनतालाई छुन सकेको छैन । भएका युवाहरु विदेश पलायन छन् । भष्ट्राचार, विकृति, वेथितिको चाङ छ । सुशासनको अभाव छ । चाहेर नचाहेर जनताले त्यहि रुख, त्यहि सूर्य वा हँसिया हथौडा भन्नुपर्ने अवस्था छ । नयाँ दल भन्नेहरु पनि कान चिरिएकै अवस्थामा रै छन् । नयाँ दलको अध्यक्ष नै विवादास्पद देखियो । अझ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का निवर्तमान महामन्त्रीको आरोपमा सत्यता छ भने यो रास्वपा माथि थुप्रै प्रश्न खडा भएको छ । यो आलेखको प्रारम्भ उल्लेख गरे अनुरुप अबको नेतृत्व ईमान्दार साहसी देश बनाउने हुटहुटी बोकेको राष्ट्रवादी नेतृत्व आजको आवश्यकता हो । विद्यमान राजनीतिक परिदृश्य हेर्दा अहिलेको नेतृत्वप्रति आशावादी पटक्कै हुन सकिँदैन । एउटै नेतृत्व चार दशकदेखि एउटै अनुहार यिनले देश कहाँ पुऱ्याए ?

दोश्रो तहका नेतामा देश बनाउने हुटहुटी छ तर ती कि त गणितीयरुपमा पार्टीमा कमजोर अवस्थामा छन् कि ति पुरानै नेताको दलालीकरणमा मस्त छन् । तसर्थ राजनीति जमेको पोखरी जस्तो भएको छ । अझ वर्तमान सरकार दुई ठूला दल मिलेर बनेको छ । ति असफल हुँदा अब कस्तो गठबन्धन बनाउने ? केका लागि बनाउने ? किन बनाउने ? यो यक्ष प्रश्न खडा हुन्छ नै । २०८४ को खुब नारा सुनिन्छ । २०८४ अघि नै एउटा नयाँ विकल्प तयार हुन्छ नै । समय गतिशील र बलवान छ । मुलुकको राष्ट्रिय आवश्यकताले असफल ठूला दलको विकल्पमा नयाँ शक्तीको उदय टड्कारोरुपमा देखिन्छ । हेर्दै जाउँ, जनता उकुसमुकुसमा छन् । तिनले अब राम्रैसँग विवेक प्रयोग गर्छ नै । अस्तू ।

# मित्रवत सम्बन्ध नभएको मित्र भारत



**देवप्रसाद श्रेष्ठ**

भारतले नेपाल र नेपालीको दोहन गर्ने बाहेक हित गर्दैन । यसो भन्दा धेरैलाई नपच्ने हुनसक्छ । तर अहिलेसम्म भारतले हामीप्रति गरिरहेको व्यवहार यहि हो । भारत हाम्रो छिमेकी देश हो । भारतसँगको हाम्रो सम्बन्ध वैदिक कालदेखिको हो । सामाजिक, साँस्कृतिक र धार्मिकरूपमा पनि हाम्रो एक आपसमा गहिरो सम्बन्ध छ । हाम्रो देशको पूर्व, दक्षिण र पश्चिम सीमा जोडिएकोले रोटी-बेटीको पनि सम्बन्ध छ । यसैले भारतीय जनतासँग हाम्रो गहिरो मित्रता छ । तर भारतका शासन सत्तामा बस्नेहरूको हाम्रो नेता र देशप्रतिको नीति ठीक छैन । उ मौका परे नेपाललाई भुटान, सिक्किम बनाउन चाहन्थ्यो । उसको नीति नेपाल सधैं कमजोर होस् भन्ने छ । यसरी कमजोर भइरहे यहाँका जनता र शासकहरुलाई खेलाइरहन सकिन्छ भन्ने धारणा राख्छ ।

उ हरदम हामीलाई मिच्ने र दोहन गर्नमै तल्लीन छ । हाम्रो देशको पूर्व-पश्चिम र दक्षिण सिमाना भारतसँग जोडिएकोले हाम्रो देशको ७० प्रतिशत भन्दा बढीको व्यापार भारतसँग हुन्छ । २००७ सालको जहानीया राणा शासन पछि प्राप्त प्रजातन्त्रमा पनि भारतको हस्तक्षेप थियो । भारतले जे जति पनि सहयोग गरेको छ त्यो उसको हित अनुकुल गरेको छ । त्यतिबेला उपत्यकासम्म मोटर चल्ने बाटो थिएन । भीमफेदीसम्म गाडि चले पनि त्यहाँबाट हिँडेर काठमाडौं पुग्नुपर्थ्यो । भीमफेदीदेखि थानकोटसम्म छिचोल्न चिसापानी र चन्द्रागिरीको डाँडो छिचोल्न दुई घन्टा भन्दा बढि समय लाग्दैन । तर, भारतले सहयोगको नाममा भैंसेदेखि थानकोटसम्म निकै घुमाउरो र ६, ७ घन्टा समय लाग्ने लामो बाटो बनायो । चीनसँगको सुरक्षाको डर देखाएर दुई घन्टामा पुग्ने बाटो नबनाएर लामो बाटो बनाउनमा उसको ठूलो स्वार्थ छ । त्यसैले भारतले भीमफेदीदेखि थानकोट छिचोल्ने बाटो नबनाएर भैंसे-पालुङ-थानकोटको लामो बाटो बनायो ।

सडकमा चल्ने गाडी, त्यसका पार्टपुर्जा, डिजल, पेट्रोल भारतबाट आउने हो । भारतबाट आउने इन्धन, गाडी र गाडीका पार्टपुर्जाहरु आज हामी ७० वर्षदेखि भारतबाटै आयात गरेर खपत गरिरहेका छौं । चीनसँगको सुरक्षा डर देखाएर छोटो र फराकिलो बाटो बनाउन रोक लगाउँदै आएको थियो । यसरी भारतले आफ्नो एकलौटी व्यापार गरेर दोहन गरिरहेको छ । हाम्रो देशको ठूल्ठूला नदिमा उसले हैकम जमाएर कब्जा गरिसकेको छ । कोशी, गण्डकी र महाकालीको पानी कब्जा गरेर उसले आफ्नो उत्तर भारत र बिहारको भूमिलाई हराभरा बनाएको छ । सुदूरपश्चिमको शारदा बाँधबाट १४ हजार क्युसेक पानीमा नेपाललाई ४६० क्युमिटर मात्र दिएको छ । कोशी ब्यारेजबाट २३ हजार क्युमिटर पानी आफुले सिंचाइ गरेर हामीलाई १६०० क्युसेक मात्र दिएको छ । गण्डकीमा २९ हजार क्युसेक, आफुले लिएर नेपाललाई ८५० क्युसेक मात्र दिएको छ । यस प्रकार उसले कोशी, गण्डकी र शारदा ब्यारेजबाट ९७ प्रतिशत पानी आफुले लिएर ३ प्रतिशत मात्र पानी हामीलाई दिएर असमान सन्धी गरेर हाम्रो भू-भाग र पानी १९९ वर्षका लागि कब्जा गरेको छ ।

उसको उद्देश्य हाम्रो देशको पानी कब्जा गर्नु हो । देशको थुप्रै नदिनाला कब्जा गरेर जलश्रोत कब्जा गरेर राख्नु हो । भारत हाम्रा देशका नेताहरूलाई प्रलोभनमा पारेर नेपाल र नेपाली जनतालाई झुक्याउँदै आइरहेको छ । महाकाली सन्धी हुँदा हाम्रा नेताहरूले अब यो देशको कायापलट हुन्छ । एक खर्ब २० अर्ब भन्दा बढी आम्दानी हुन्छ । देशको कायापलट हुन्छ, पश्चिमबाट घाम झुल्किन्छ भनेर नेपाली जनतालाई झुक्याएको आज तीन दशक बितिसक्दा पनि भारतले डिपिआरसम्म बनाएको छैन । आफ्नो स्वार्थ अनुकुल कब्जा गरेर समयमा काम नगर्ने र हामीलाई जसरी पनि खेलाइराखेको छ । हाम्रो देशको सम्पूर्ण नदिनाला र जलश्रोतका बाँधबाट निस्केको पानीको उपभोग जलस्रोत कब्जा गरी आफ्नो बिहार, उत्तर भारतको जमिन सिंचाइ गर्ने मात्र होइन हाम्रो देशको खनिज पदार्थ युरेनियममा पनि आँखा गाढेको छ ।

यसरी भारतले हाम्रो देशबाट बगेर गएको खर्बौं क्युसेक पानी चलाखीपूर्ण तरिकाबाट बिना मूल्य उपभोग गरेको छ । आजभन्दा छ दशक अगाडि हाम्रो देशको १२ ठाउँमा भारतले सैनिक क्याम्प खडा गरेको थियो । त्रिभुवन राजपथ निर्माण गर्न चीनसँगको सुरक्षा खतरा छ भनेर भीमफेदी ब्यारेकमा पनि भारतीय सैनिक बटालियन राखेको थियो । नेपालको सार्वभौम सत्तालाई चुनौति दिएर राखेको भारतीय मिसनको व्यापक विरोध भएपछि ११ ठाउँको मिसन हटायो । त्यसमध्ये कालापानी लिम्पियाधुराको सैनिक क्याम्प आजसम्म नहटाएर हाम्रो भुभाग कब्जा गरिरहेको छ । हाम्रा भूभागबाट कब्जा गरेर मानसरोवर जाने बाटो बनाएको छ । नेपालले आफ्नो भूभाग समेतको चुच्चे नक्सा राखेर नोट प्रकाशन गर्न र पाठ्यपुस्तकमा राख्न लागेकोमा असन्तुष्टि जनाएको छ । सिमाना र दसगजा छेउछाउ बस्ने नेपालीलाई अनेकौं बहानामा दुख दिने, बाँध बाँधेर यताको भूभाग जलमग्न गर्ने गरिरहेछ । दसगजाको छेउछाउमा बस्ने हाम्रा जनतालाई धम्क्याउने, तर्साउने र बाटो र पुल पनि बनाउन नदिने, अनावश्यक भारतीय सुरक्षाकर्मीहरु प्रवेश गर्ने गरिरहेछ । भारतले नेपाललाई जेजति पनि सहयोग गरेको छ यो भन्दा बढी नेपालबाट फाइदा उठाएको छ ।

हाम्रा दक्षिण सिमानाका थुप्रै भूभाग मिचिएको छ । हाम्रा किसानले उत्पादन गरेका कृषिजन्य अनेकौं उत्पादनमा बेलाबेलामा अनेकौं बहानामा किचलो गरेर निकासी गर्न बाधा पुऱ्याएको छ । अदुवा, अलैंची, चिया, अम्रिसो लगायत कृषिजन्य पदार्थलाई कम गुणस्तरको भन्दै बेला-बेलामा निकासी गर्न बाधा

...बाँकी पृष्ठ ३ मा

## बागमती प्रदेशमा विपद्बाट गत आर्थिक वर्षमा ८८ जनाको मृत्यु

# विपद् व्यवस्थापनमा ६१ लाख ७८ हजार रुपैयाँ खर्च



समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशमा गत आर्थिक वर्ष २०८०/०८१ मा विभिन्न विपद्का घटनामा परी ८८ जनाको मृत्यु भएको छ । प्रदेशका विभिन्न जिल्लामा भएका विपद्का घटनामा परेर ८८ जनाको मृत्यु भएको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा आगलागीका घटना ४९३, वन डढेलो १२२, पहिरो ९०, वन्यजन्तु आक्रमण ४२, भारीवर्षा ३४, बाढी ३३, चट्याङ १४, हावाहुरी १३, उच्च उचाई (लेक लाग्नु) ५, गैरप्राकृतिक विपद् ३, सर्पदंश ३, हिमपहिरो ३ र भूकम्प १ गरी ८६५ वटा घटना भएको छ । मन्त्रालयको तथ्याङ्क अनुसार सो अवधिमा प्रदेशको १३ जिल्लामा ८५६ वटा विपद्का घटनाहरुमा परेर ४३ जना वेपत्ता भएका छन् भने १८४ जना घाइते हुनुका भएका छन् । विपद्का कारण उक्त आर्थिक वर्षमा ६१९ वटा पशु चौपायाको क्षति भएको मन्त्रालयकी सूचना अधिकारी रविता कार्कीले जानकारी दिनुभएको छ ।

विपद्का घटनाका कारण प्रदेशका १८९ वटा भौतिक पूर्वाधारमा क्षति पुग्नुका घटनाहरुबाट आर्थिक रुपमा ५१ करोड ६७ लाख रुपैयाँको क्षति भएको उहाँले बताउनुभयो । सो अवधिमा वन्यजन्तुको आक्रमणका ४२ वटा घटना भएको र उक्त घटनामा ६ जनाको मृत्यु भएको छ । वन्यजन्तुको आक्रमणबाट ३८ जना घाइते भएका छन् भने ६ वटा पशु चौपायाको क्षति र २१ लाख रुपैयाँको भौतिक पूर्वाधार क्षति भएको छ । हिमपहिरोबाट ३ वटा घटनामा परेर ३ जना घाइते भएका छन् । भूकम्पमा परेर ३५ वटा भौतिक पूर्वाधार क्षति भएको छ भने आगलागीका ४९३ घटनाबाट २४ जनाको मृत्यु, ८७ जना घाइते भएका छन् । सो घटनामा ९७ वटा भौतिक पूर्वाधार, ३९४ वटा पशु चौपाया र ४६ करोड ९५ लाख ४२ हजार रुपैयाँको आर्थिक क्षति भएको छ ।

बाढीका ३३ वटा घटनामा परेर ५ जनाको मृत्यु, २ जना बेपत्ता, २ जना घाइते, ३ वटा भौतिक पूर्वाधार, ५ वटा पशु चौपाया क्षति पुगेको छ भने ७ लाख रुपैयाँको आर्थिक क्षति भएको छ । वन डढेलोका १२२ वटा घटना भएकोमा ४ जनाको मृत्यु, ६ जना घाइते, २५ वटा भौतिक पूर्वाधार, १०७ वटा पशु चौपाया र २ करोड ३९ लाख ८९ हजार रुपैयाँ बराबरको आर्थिक क्षति भएको छ । पहिरोका ९० वटा घटनामा ४२ जनाको मृत्यु, ४१ जना वेपत्ता, २३ जना घाइते, १४ वटा भौतिक पूर्वाधार, ८५ वटा पशु चौपाया र ५८ लाख ३३ हजार रुपैयाँ बराबरको आर्थिक क्षति भएको छ । भारी वर्षाका ३४ वटा घटनाबाट ४ जना घाइते भएका छन् भने ४ वटा भौतिक पूर्वाधार र १ करोड ३७ लाख ७८ हजार रुपैयाँको आर्थिक क्षति भएको छ । ५ वटा लेक लागेका घटनाबाट ६ जना घाइते भएका छन् ।

सर्पदंशको ३ वटा घटनाबाट २ जनाको मृत्यु र एक जना घाइते भएका छन् । चट्याङका १४ वटा घटनामा एक जनाको मृत्यु, १२ जना घाइते, २२ वटा पशु चौपाया र १० लाख ३० हजार रुपैयाँ बराबरको क्षति भएको छ । हुरी बतासका १३ वटा घटनाबाट २ जनाको मृत्यु, एक जना घाइते, एउटा भौतिक पूर्वाधार र १६ लाख ७५ हजार रुपैयाँको क्षति भएको छ । अन्य गैरप्राकृतिक प्रकोपका ३ वटा घटनाबाट २ जनाको मृत्यु भएको र एक जना घाइते भएका छन् ।

### विपद् व्यवस्थापनमा ६१ लाख ७८ हजार रुपैयाँ खर्च

बागमती प्रदेश सरकारले १३ जिल्लामा विपद् व्यवस्थापनका लागि आर्थिक वर्ष २०८०/०८१ का लागि १ करोड ७० लाख रुपैयाँ बजेट प्रदान गरेको छ । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/०८१ मा विपद् व्यवस्थापनका लागि पठाएको १ करोड ७० लाख रुपैयाँ बजेट मध्ये ६१ लाख ८७ हजार रुपैयाँ खर्च भएको छ ।

मन्त्रालयको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८०/०८१ को सुरुवातमा प्रदेशभित्रका १३ जल्लाका विपद् व्यवस्थापन समितिलाई १० लाखका दरले राहत रकम प्रदान गरेको थियो । जसमा मकवानपुरमा १० लाख रुपैयाँ विपद् व्यवस्थापनमा खर्च भएको छ भने सिन्धुलीमा ३० लाख रुपैयाँ प्रदान गरिएकोमा १४ लाख ९२ हजार रूपैयाँ खर्च गरिएको छ । रामेछापमा ३० लाख रूपैयाँ प्रदान गरिएकोमा १५ लाख ६० हजार रुपैयाँ खर्च भएको छ ।

यस्तै सिन्धुपाल्चोकमा १० लाख रुपैयाँ प्रदान गरिएकोमा ४ लाख ३० हजार खर्च गरिएको छ । दोलखामा १० लाख रुपैयाँ प्रदान गरिएकोमा ६ लाख ९५ हजार विपद् व्यवस्थापनका लागि खर्च गरिएको छ । र सुवामा १० लाख रकम प्रदान गरिएकोमा १० हजार रुपैयाँ खर्च गरिएको छ ।

चितवनमा १० लाख रुपैयाँ प्रदान गरिएकोमा ३ लाख रुपैयाँ खर्च भएको छ भने काठमाडौंमा १० लाख रुपैयाँ प्रदान गरिएकोमा ६ लाख ९० हजार रुपैयाँ विपद् व्यवस्थापनमा खर्च गरिएको छ । भक्तपुरमा १० लाख रुपैयाँ बजेट प्रदान गरिएकोमा १० हजार रुपैयाँ मात्रै खर्च भएको छ । ललितपुर, नुवाकोट, धादिङ र काभ्रेमा विपद् व्यवस्थापनका लागि १०/१० लाख प्रदान गरिएकोमा सो रकम खर्च नभएको मन्त्रालयले जनाएको छ ।

जिल्ला विपद् व्यवस्थापन कोषहरुमा राहत रकम अपुग भएपछि प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालक समितिको निर्णयमा थप रकम उपलब्ध गराउने व्यवस्था समेत गरिएको छ । मन्त्रालयका सचिव पूर्ण बहादुर दर्जीका अनुसार उपलब्ध गराएको बजेटमा ५० प्रतिशत रकम खर्च भएपछि जिल्लाबाट पुनः माग गरे अनुसार रकम उपलब्ध गराउने व्यवस्था रहेको छ । मन्त्रालयले विपद् उद्दार तथा राहतका लागि मात्र नभई पुनःस्थापनाका लागि पनि रकम उपलब्ध गराएको सचिव दर्जीको भनाई छ । मन्त्रालयले मनसुनजन्य र आगलागी विपद् व्यवस्थापनका लागि प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि २०८० को दफा ३(घ) बमोजिम आवास पुनः निर्माणका लागि जिल्ला विपद् व्यवस्थापन कोषमा रकम पठाएको उहाँले जानकारी दिनुभयो ।

उहाँका अनुसार मनसुनजन्य विपद् प्रभावित नुवाकोट, सिन्धुपाल्चोक, दोलखा, मकवानपुर र धादिङका लागि क्रमशः १ करोड ४८ लाख २० हजार, १४ करोड ४३ लाख ९७ हजार, ९ लाख ८२ हजार, २२ हजार ५०० र ८ लाख ५५ हजार गरी कुल १६ करोड १० लाख ७७ हजार रुपैयाँ उपलब्ध गएको छ । त्यस्तै आगलागीजन्य विपद् प्रभावितका लागि मकवानपुर र रामेछापमा क्रमशः २ लाख २ हजार रुपैयाँ र ९ लाख ९० हजार रुपैयाँ उपलब्ध गराइएको छ ।

### ३ करोड रूपैयाँको उद्धार सामग्री खरिद

प्रदेश सरकारले विपद् खोज तथा उद्दार कार्य प्रभावकारी बनाउन ३ करोड रुपैयाँको उद्दार सामग्री खरिद गरेको छ । प्रदेशका विभिन्न जिल्लामा हुने विपद्का घटनाहरुमा तत्काल उद्दारमा खटिन सो सामग्रीहरु प्रयोग गर्नेगरी स्टोर गरिएको मन्त्रालयले जनाएको छ । मन्त्रालयले ३ करोड रुपैयाँ लागतमा ६४ प्रकारका विपद् उद्दार सामाग्री खरिद गरी भण्डारण गरेको सचिव दर्जीले जानकारी दिनुभयो । उहाँका अनुसार प्रदेशले प्राकृतिक प्रकोपबाट आईपर्ने विपद् व्यवस्थापनका लागि ६४ प्रकारका राहत तथा उद्दार सामग्री खरिद गरी ३ वटा गेदामघरमा भण्डारण गरेको छ ।

प्रदेशले खरिद गरेको विपद् उद्दार सामग्री भरतपुर महानगरपालिका-२९ को सिमलतालमा पहिरोमा परी त्रिशुली नदीमा वेपत्ता भएको यात्रुवाहक बसको खोजी कार्यमा समेत प्रयोग गरिएको छ । खोजी तथा उद्दार कार्यलाई प्रभावकारी बनाउन मन्त्रालयबाट मोटरबोट-१, र्‍याफ्ट बोट-१ र पानी मुनिसम्म खोज्ने सक्ने क्यामरा १ थान सशस्त्र प्रहरी बल नेपाल नम्बर-३ गढीमाईलाई प्रदान गरेको उहाँले बताउनुभयो ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि १९ जनालाई गोताखोर तालिम प्रादन गरिएको उहाँले जानकारी दिनुभयो । सो तालिमका लागि मन्त्रालयले सशस्त्र प्रहरी बल नेपाल नम्बर-३ गढीमाईलाई ३० लाख रुपैयाँ प्रदान गरेको थियो । मन्त्रालयले विपद् व्यवस्थापन वेस (गुल्म) भवन हेटौँडा र काभ्रेमा निर्माण भई सञ्चालनमा ल्याएको सचिव दर्जीले बताउनुभयो । विपद् सुरक्षा संस्कृति निर्माण गर्ने उद्देश्यसहित विपद् व्यवस्थापनका लागि स्वयम्सेवक समूह निर्माण तथा परिचालनका लागि प्रदेश स्वयमसेवक व्युरो तथा स्वयम्सेवक परिचालन सम्बन्धी कार्यविधि, २०८० तर्जुमा गरी कार्यान्वयनमा रहेको उहाँको भनाइ छ । सो कार्यविधि अनुसार प्रदेशका ११ स्थानीय तहका वडास्तरमै स्वयम्सेवक समूह गठन गर्नका लागि ४ लाख २५ हजार रुपैयाँका दरले आर्थिक सहायता अख्तियारी प्रदान गरिएको छ ।

जसमा दोलखाको शैलुङ गाउँपालिका, सिन्धुपाल्चोकको भोटेकोशी गाउँपालिका र बाह्रबीसे नगरपालिका, भक्तपुरको सूर्यविनायक र चाँगुनारायण नगरपालिका, रसुवाको कालिका गाउँपालिका, धादिङको गंगाजमुना गाउँपालिका, काठमाडौंको दक्षिणकाली र चन्द्रागिरी नगरपालिका, सिन्धुलीको फिक्कल गाउँपालिका र कमलामाई नगरपालिकाले स्वयम्सेवक समूह निर्माण गरेको छ ।

## लायन्स क्लबमा घिमिरे

समाज संवाददाता

हेटौँडाः लायन्स क्लब अफ हेटौँडा पशुपतिनगरको अध्यक्षमा माधवप्रसाद घिमिरे चयन हुनुभएको छ । वर्ष २०२४/२५ का लागि घिमिरेको अध्यक्षतामा नयाँ समिति चयन गरेको हो ।

वर्ष २०२३/२०२४ का अध्यक्ष राजेश अग्रवालको अध्यक्षतामा शनिबार बसेको बैठकले घिमिरेलाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो । शनिबारको बैठकमा डिस्ट्रिक्ट गभर्नर टासी डोल्मा तुम्बाहाङ्फेको प्रमुख आतिथ्य रहेको थियो । क्लबको प्रथम उपाध्यक्षमा हरि कोईराला, द्वितीय उपाध्यक्षमा कृष्णहरि सुवेदी, तृतीय उपाध्यक्षमा रामकृष्ण बानियाँ, सचिबमा सौरिन्द्र प्रधान र कोषाध्यक्षमा सुकराम केसी चयन हुनुभएको छ ।

## आस्मा बनिन् मिस नेपाल

काठमाडौँः मिस नेपाल वर्ल्ड २०२४ को उपाधि आस्माकुमारी केसीले जितेकी छन् । शनिबार ललितपुरको गोदावरीस्थित सनराइज कन्भेन्सन सेन्टरमा आयोजित ग्राण्ड फिनालेमा उनले ताज पहिरिइन् । उनलाई मिस नेपाल २०२३ सृच्छा प्रधानले ताज लगाइदिइन् । मिस नेपाल अर्थको उपाधि सुमन केसीले जितिन् । मिस नेपाल इन्टरनेसनलको उपाधि करुणा रावतले प्राप्त गरिन् ।

मिस नेपाल वर्ल्ड आस्मा सोसल वर्कमा स्नातक अध्ययनरत छिन् । २६ वर्षिया उनको उचाइ ५ फिट ५ इन्च छ । उनी काठमाडौं निवासी हुन् । जितपछि संक्षिप्त प्रतिक्रिया दिँदै मिस नेपाल वर्ल्ड आस्माले आफूलाई सपनाजस्तो लागिरहेको बताइन् । २६ जना सुन्दरीले उपाधिका लागि प्रतिस्पर्धा गरेका थिए । सबटाइटल विधातर्फ धेरै भोट ल्याएर अन्जना पुनले पपुलर च्वाइस, ऊर्जा नेवाले मिस फिटनेस, सिम्रिका मानन्धरले हेल्दी स्किन, साइरा खड्काले मिस भिजिनरी, प्रेरभिता स्वारले मिस कन्फिडेन्ट, सुमना केसीले मिस हाइजिन र अम्बिका राणाले ग्रीन भिजिनरी उत्कृष्ट भए ।

मिस फोटोजेनिक श्रद्धासुमन सिलवाल, फार्मेसी फेस अफ द इयर आस्मा केसी, मिस इन्टलेक्चुअल दीक्षा अवस्थी र ब्युटी विथ अ पर्पस विधामा सुमना केसी विजयी भए । 'ब्युटी विथ पर्पस'को विधा मिस नेपालको इतिहासमा पहिलोपटक आयोजना गरिएको हो । वुमन विथ द विंग्स विधामा किम्ती श्रेष्ठले जिते । उपाधिका लागि सेमिफाइनलमा आस्मा केसी, सिम्रिका मानन्धर, प्रेरभिता स्वार, श्रद्धासुमन सिलवाल, करुणा रावत र सुमन केसीबीच कडा प्रतिस्पर्धा भएको थियो । फिनालेमा प्रियंकारानी जोशी, दिब्यदेव, शरद भेसवाकरसहितका ११ जना जजको रुपमा थिए । यसवर्षको संस्करणमा मिस नेपालको ३० औं वर्षगाँठ सेलिब्रेसन गरिएको थियो । समारोहको सुरुवात प्रथम मिस नेपाल रुवी राणाको मन्तव्यसँगै सुरु भएको थियो । तीन दशक लामो यात्रामा मिस नेपालले ल्याएको सामाजिक र लैंगिक परिवर्तनको चर्चा गर्दै राणाले आफ्नो अनुभव सुनाएकी थिइन् । फिनाले समारोहमा आकर्षक नृत्य प्रस्तुत गरिएको थियो । सहाना बज्राचार्य होस्ट रहेको समारोहमा २०२३ का मिस नेपालको ब्याच सृच्छा प्रधान, प्रसिद्धी शाह र रेना मजगैयाँ को-होस्ट थिए । द हिडन ट्रेजरको आयोजना भएको समारोहमा पूर्व मिस नेपालहरुको उपस्थिती थियो । मिस माल्टाको टोलीसहित जापानबाट आएका मिस इन्टर नेसनलका कार्यकारी निर्देशक पनि फिनालेमा सहभागी थिए । *स्रोतः अनलाइनखबर ।*

# प्लाष्टिक बोतलसँग बिरुवा साट्दै क्रियसन

समाज संवाददाता

हेटौँडाः क्रियसन नेपाल संस्थाले हेटौँडामा प्लाष्टिकको बोतलसँग विरुवा साट्ने कार्यक्रम गरेको छ । शनिबार हेटौँडा-४ स्थित हुप्रचौरमा संस्थाले प्लाष्टिकको बोतलसँग बिरुवा साट्ने कार्यक्रम गरेको हो ।

भीएफसी युथ हेटौंडाका भोलेन्टिएर अभिषेक चन्द र प्रतीक्षा पौडेलको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रम रोटरी क्लब अफ हेटौंडा, एन्वाइसी हेटौंडा, रोट्रयाक्ट क्लब अफ मकवानपुर, रोट्रयाक्ट क्लब अफ हेटौंडा र क्याण्डिड स्टुडियोको सहकार्यमा भएको आयोजक कमिटीका निश्चल भट्टले जानकारी दिनुभयो ।

प्लाष्टिकसँग बिरुवा साट्ने कार्यक्रमको सभाध्यक्ष पौडेल र चन्दको नेतृत्वमा युथ समूहका १० जना पदाधिकारीहरुको सहभागितामा कार्यक्रम भएको भट्टले बताउनुभयो । भट्टका अनुसार कार्यक्रममा युवा, ज्येष्ठ नागरिक, बालबालिका गरी करिब ५५ जना सहभागी भएका थिए ।

प्रकृतिको महत्वबारे बुझाउने उद्देश्यले आयोजना गरेको कार्यक्रममा डिभिजन वन कार्यालय मकवानपुर र राप्ती मनहरीबाट विरुवा उपलब्ध भएको हो । कार्यक्रममा ५ सय वटा प्लाष्टिकको बिरुवासँग ९० वटा बिरुवा साटेको भिएफसी भोलेन्टिएर सृजना सुवेदीले बताउनुभयो । बिरुवासँग साटेको बोतलहरु बेलिङ सिस्टममा पठाइएको उहाँले बताउनुभयो ।

पृथ्वी सबै सजीव प्राणीहरुको साझा बासस्थान भएकाले बालबालिकामा वातावरण संरक्षणसम्बन्धी जनचेतना दिन आवश्यक रहेको आयोजकको भनाइ छ । हेटौंडा क्षेत्रलाई केही हदसम्म प्लाष्टिक मुक्त बनाउनका लागि प्रयास गर्ने आयोजक कमिटीका भट्टले बताउनुभयो । यसअघि क्रियसनले विश्व बैंकको सहकार्यमा गत असार २० गते हेटौंडा-१० स्थित राप्ती नदी परिसरमा सरसफाइ कार्यक्रम गरेको थियो ।

## सौन्दर्यकर्मी युनियनमा अधिकारी

समाज संवाददाता

सौन्दर्यकर्मी युनियनमा अधिकारी

हेटौँडाः राष्ट्रिय सौन्दर्यकर्मी युनियन नेपाल मकवानपुर जिल्ला कमिटीको अध्यक्षमा करुणा अधिकारी चयन हुनुभएको छ । युनियनकी केन्द्रीय महासचिव सुजना जोशीको प्रमुख आतिथ्यमा शनिबार भेला भएको हो । जिल्ला कमिटीको उपाध्यक्षमा सुधा पर ाजुली, सचिवान नानु श्रेष्ठ, कोषाध्यक्षमा उर्मिला अधिकारी र सहसचिवमा तिला पाण्डे चयन हुनुभएको छ ।

## *मित्रवत सम्बन्ध...*

पुर्‍याइरहेछ । भारत हामी भन्दा ठूलो, शक्तिशाली र आर्थिक रुपले पनि सम्पन्न राष्ट्र हो । देश जतिसुकै शक्तिशाली भएपनि उसले अर्को देशलाई सम्मान र मैत्रीपूर्ण व्यवहार गर्नुपर्छ । तर उसले यस्तो गरिरहेको छैन । उ यो गर्नै चाहँदैन । हामी उसँग जोरी खोज्न सक्दैन भनेरै उसले बल मिच्याइँ गरिरहेछ । आफैंले सहमति गरेर दुबै देशका प्रबुद्ध व्यक्तिहरु राखेर बनाएको इपिजिको प्रतिवेदन थुप्रै वर्ष बितिसक्दा पनि बुझ्न समेत मानेको छैन । हामी गरिब र कमजोर भएसम्म यो देशमा बाहिरी हस्तक्षेप भइरहन्छ ।

यो सबै हुनुको कारण हाम्रो देशका सत्तामा पुग्न खोज्ने नेताहरूको ढुलमुले प्रवृत्ति, सुशासन कमि, शासन सत्तामा बस्नेहरूमा सुझबुझको कमि, निहित स्वार्थ र सत्ता लोलुपता र अस्थिरता नै हो । यसमा उसले प्रत्यक्ष, अप्रत्यक्ष भूमिका खेल्दै आएको छ । हाम्रो देशलाई कमजोर र अस्थिर बनाएको छ । भारतीय सत्ताधारीहरु नेपाल सधैं कमजोर र अस्थिर राज्य होस् । यो भयो भने आफ्नो अनुकूलतामा यहाँको सत्ताधारीहरुलाई खेलाउन सकिन्छ भन्ने मानसिकता राखेर हामीसँग व्यवहार गर्दछ, गर्दै आएको छ । हाम्रो देशका सत्तामा पुग्ने नेताहरुमा पनि भारतलाई नरिझाई सत्ता टिकाइरहन सकिन्न भन्ने मानसिकताले जरा गाढेको छ ।

हामी विश्वकै बढी जनसंख्या भएका दुई ठूला सम्पन्न राष्ट्रको बीचमा रहेको हाम्रो जस्तो अविकसित देशले छिमेकी मुलुकसँग सन्तुलन मिलाउन सकेन भने नेपाली जनताले दुःख पाइरहनुको विकल्प छैन । दुई ठूला सम्पन्न र शक्ति राष्ट्रको बीचमा रहेको हाम्रो सानो देशले दुबैतिर समदूरी र सन्तुलन मिलाएर चल्न सके हामीले पनि फाइदा लिन सक्छौं । दुई ठूला शक्तिराष्ट्र बीच समदूरीमा रहेर कुटनीति गर्न नजानेकै हो । हामी कसैको अनुग्रह र दवावमा चल्ने होइन । हामीले हाम्रो देशको स्वाभिमान र आत्मसम्मान जोगाउनै पर्छ । हामीले हाम्रा छिमेकी र अन्य देशहरुसँगको हाम्रो देशको स्वाभिमान र आत्मसम्मानमा कुनै पनि दखल नपुग्ने गरी समदुरी र मित्रवत् सम्बन्ध राख्न चनाखो हुनु पर्दछ । भारत चीन दुबै हाम्रा मित्रहरू हुन् । दुबै देशसँग स्वार्थ नबाझिने गरी मित्रवत् सम्बन्ध राख्नुपर्छ । कसैको हेपाइमा पर्नुहुन्न ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

शोरुम सरेको सूचना



हेटौंडा-१०, मेनरोडस्थित चित्र भवनमा रहेको Aprilia र Vespa ब्राण्डको स्कुटर शोरुम हेटौंडा-४, मेनरोडस्थित सुमार्गी कम्प्लेक्समा सरेको हुँदा सम्पूर्ण सेवाग्राहीमा जानकारीका लागि अनुरोध गरिन्छ ।

RS Lifestyles

हेटौंडा-१०, सुमार्गी कम्प्लेक्स

९८०२९८८७६०

# एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी र विद्यालय सम्मानित



*एसईईमा उत्कृष्ट नतीजा ल्याउने विद्यार्थीलाई सम्मानपत्र प्रदान गर्नुहुँदै नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुर जिल्ला अध्यक्ष श्रीराम दहाल*

समाज संवाददाता

हेटौंडाः नगरस्तरीय शैक्षिक समन्वय समिति हेटौंडाले माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी तथा विद्यालयलाई सम्मान गरेको छ। समितिले शनिबार २०८० सालको एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थी तथा विद्यालयलाई सम्मान गरेको हो।

विद्यार्थीहरुको हौसला बढाउने उद्देश्यले ३ दशमलब ६१ देखि अधिक जिपीए अर्थात् ए प्लस ल्याउने विद्यार्थीलाई शनिबार हेटौंडा उपमहानगरपालिकाको सभाहलमा एक कार्यक्रम बीच सम्मान गरेको हो। हेटौंडा उपमहानगरपालिका भित्रको ८ वटा सामुदायिक विद्यालयबाट ३ दशमलब ६१ देखि ४ जिपीएसम्म ल्याउने ६३ जना विद्यार्थीहरुलाई सम्मानपत्र प्रदान गरिएको छ।

हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयबाट ३ दशमलव ६१ देखि ३ दशमलब ८७ जिपीएसम्म ल्याउने २७ जना र भूटनदेवी माध्यमिक विद्यालयबाट ६ दशमलब ६१ देखि ३ दशलब ८२ सम्म जिपीए ल्याउने १५ जना विद्यार्थीलाई सम्मान गरिएको छ। हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयबाट ३ दशमलब ६६ देखि ३ दशमलब ८४ जिपीए ल्याउने ७ जना र हेटौंडा-१६ स्थित जनप्रिय माध्यमिक विद्यालयबाट ३ दशमलब ६५ देखि ३ दशमलब ८९ जिपीए ल्याउने ३ जना विद्यार्थीलाई सम्मान गरिएको छ।

यस्तै, हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयबाट ३ दशमलब ६४ देखि ३ दशमलब ७७ सम्म जिपीए ल्याउने ४ जना र हेटौंडा-३ स्थित महेन्द्रकिरण माध्यमिक विद्यालयबाट ३ दशमलब ६६ जिपीए ल्याउने १ जना विद्यार्थी सम्मानित भएका छन्। हेटौंडा-५, पिप्लेस्थित बालज्योति माध्यमिक विद्यालयबाट ३ दशमलब ६२ देखि ३ दशमलब ८७ जिपीए ल्याउने ५ जना र हेटौंडा-६ स्थित वंशगोपाल माध्यमिक विद्यालयबाट ३ दशमलब ८४ जिपीए ल्याउने एक जना विद्यार्थीलाई सम्मान गरिएको हो।

३ दशमलब ६१ भन्दा बढी जिपीए ल्याएर विद्यार्थी उत्तीर्ण गराउने विद्यालयहरुलाई पनि सम्मान गरिएको छ। सम्मानपत्र पाउने विद्यालयमा आधुनिक, भूटनदेवी, प्रगति, सिद्धार्थ, जनप्रिय, बालज्योति, वंशगोपाल र महेन्द्रकिरण मावि छन्।

नगरस्तरीय शैक्षिक समन्वय समितिका अध्यक्ष भोगेन्द्र लुईंटेलको सभाध्यक्ष तथा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा सम्मान कार्यक्रम भएको हो। सम्मान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले आफूले शिक्षा प्रदान गरेको विद्यार्थीहरु कस्तो स्तरमा पुगे भन्ने मूल्याङ्कन गर्नुपर्ने बताउनुभयो। शिक्षकहरुले विद्यार्थीहरुलाई पढाएको समयमा आफूमा भएको कमी र कमजोरीलाई स्वीकार्न सक्नुपर्ने उहाँले बताउनुभयो। विद्यार्थीहरु परीक्षामा पास भए पनि आफ्नो गुणस्तर विकास भएको छ कि छैन भन्ने कुरा बुझ्नुपर्ने उहाँको भनाइ छ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर १६ का वडा अध्यक्ष रामकृष्ण कोइरालाले सबैले राम्रो प्रतिक्रिया देखाएमा सामुदायिक विद्यालयलाई पनि उत्कृष्ट बनाउन सक्ने धारणा राख्नुभयो। शैक्षिक समन्वय समितिले गर्ने विभिन्न प्रकारका कामहरुमा आफूले सक्ने साथ र सहयोग गर्ने विश्वास दिलाउनुभयो।

नेपाल शिक्षक संघका अध्यक्ष गणेश हुमागाईंले हेटौंडामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर माथिल्लो स्तरसम्म पुऱ्याउन सबैले जोड दिनुपर्ने बताउनुभयो। सबैले सामुदायिक विद्यालयलाई संयोजन गरेर अगाडि बढ्नुपर्ने उहाँले बताउनुभयो। शैक्षिक क्षेत्रको विकास गर्ने कार्यहरुमा हेटौंडा उपमहानगरपालिकाले प्राथमिकता दिनुपर्ने उहाँले बताउनुभयो। हेटौंडाको सामुदायिक विद्यालयका विद्यार्थीहरुले पनि राम्रो वातावरण पाएका कारणले उत्कृष्ट नतिजा ल्याएर सम्मानित भएको हुमागाईंको भनाइ छ।

समन्वय समितिका अध्यक्ष लुईंटेलले सामुदायिक विद्यायल उत्कृष्ट छैन भन्ने मानिसहरुको मानसिकतामा बसेका कारणले सबैलाई सन्देश दिन सम्मान कार्यक्रम आयोजना गरेको बताउनुभयो। सामुदायिक विद्यालयलाई पनि सबैले शैक्षिक गन्तव्यको रुपमा लिन सकिने उहाँले प्रष्ट पार्नुभयो। सबै शिक्षकहरु एकीकृत भएर अगाडि बढेमा सामुदायिक विद्यालयले फड्को मार्ने विश्वास उहाँले दिलाउनुभयो। सामुदायिक विद्यालयलाई अगाडि बढाउन शिक्षक र अभिभावकको राम्रो सहकार्य हुनुपर्नेमा उहाँले जोड दिनुभयो। कमजोर विद्यार्थीहरुलाई पनि शिक्षकले विशेष प्राथमिकतामा राख्नुपर्ने उहाँको भनाइ छ। कार्यक्रममा विभिन्न विद्यालयका शिक्षक लगायत अभिभावकहरुको उपस्थिति रहेको थियो।

# डुम्रे खोल्साको बाढीले क्षति

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-६ मा अविरल वर्षासँगै आएको बाढीले क्षति पुऱ्याएको छ। शनिबार बिहान परेको वर्षाका कारण आएको वर्षाले डुम्रे खोल्सामा पानीको सतह बढ्न गई क्षति भएको जिल्ला प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

बाढीले स्थानीयको १ बिगाह धान खेतमा क्षति पुऱ्याउनुका साथै स्थानीय प्रेमबहादुर श्रेष्ठको कच्ची घरभित्र रहेको ९ बोरा धान र १५ बोरा सिमेन्ट क्षति भएको छ। बाढीबाट मानवीय तथा चौपाया क्षति नभएको प्रहरीले जनाएको छ।

# नेवाःगुठी हेटौंडाको अध्यक्षमा श्रेष्ठ चयन

समाज संवाददाता

हेटौंडाः नेवाःगुठी खल हेटौंडाको अध्यक्षमा विकेशलाल श्रेष्ठ चयन हुनुभएको छ। हेटौंडामा भएको नगर कमिटीको भेलाबाट श्रेष्ठ अध्यक्षमा सर्वसम्मत चयन हुनुभएको हो।

शनिबार श्रेष्ठको अध्यक्षमा १५ सदस्य नयाँ कार्यसमिति चयन गरेको छ। कमिटीको उपाध्यक्षमा शिवनारायण श्रेष्ठ, सचिवमा शिवकुमार श्रेष्ठ, कोषाध्यक्षमा सुरक्षा राजथला र सहसचिवमा बिक्की खड्गे चयन भएका छन्।

सदस्यहरुमा क्रमशः इशा मानन्धर, विपिन ताम्राकार, निराजन श्रेष्ठ, सागर श्रेष्ठ, राज खड्गी, उज्ज्वलराज शाक्य, यदुना बज्राचार्य, अपिल खड्गे, अमित श्रेष्ठ, रजत शाही र सुनकेशरी श्रेष्ठ चयन भएका छन्। गतवर्ष नै गठन भएको समितिको संयोजक रहनुभएका श्रेष्ठको सभाध्यक्ष तथा प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठको प्रमुख आतिथ्यमा नगर कमिटी गठन भएको हो। नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल २ वर्षको रहनेछ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
The Voice of Community

# अधिकारीको नियात्रा सङ्ग्रह 'संयात्राको संयोग' सार्वजनिक



*रमेशमोहन अधिकारीको कृति 'संयात्राको संयोग' सार्वजनिक समारोहपछि परिवारिक तस्वीर।*

समाज संवाददाता

हेटौंडाः साहित्यकार रमेशमोहन अधिकारीको नियात्रा सङ्ग्रह 'संयात्राको संयोग' सार्वजनिक भएको छ। शनिबार हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसको सभाकक्षमा अधिकारीको नियात्रा सङ्ग्रह सार्वजनिक भएको हो।

झरना साहित्यिक परिवारको आयोजनामा कृति विमोचन समारोह भएको हो। झरना साहित्यिक परिवारका अध्यक्ष विश्वनाथ सञ्जेलको अध्यक्षता तथा साहित्यकार रामचन्द्र आचार्य 'फुर्सती' को प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। अधिकारीको नियात्रा सङ्ग्रहमाथि साहित्यकार दीपक गौतम र रजनी पौडेलले समीक्षा गर्नुभएको थियो।

अधिकारीको यो पाँचौं कृति हो। यसअघि अधिकारीका तीन वटा नियात्रा सङ्ग्रह र एउटा कविता सङ्ग्रह प्रकाशित छन्। अधिकारीको कृति 'संयात्राको संयोग' मा २८ वटा शीर्षकमा संस्मरण समावेश छन्। बुलबुल पब्लिकेसनले प्रकाशन गरेको नियात्रा सङ्ग्रहलाई अधिकारीले पाँच खण्डमा प्रस्तुत गर्नुभएको छ। लेखक र मेशमोहन अधिकारीले लामो लेखनको अभ्यासपछि कृति प्रकाशन गरेको जानकारी गराउनुहुँदै अघिल्ला कृति भन्दा राम्रो गर्ने प्रयास गरेको जानकारी दिनुभयो। कार्यक्रममा सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको पनि आतिथ्य रहेको थियो।

# म्याद नाघेको पेयपदार्थ नियन्त्रण

समाज संवाददाता

हेटौंडाः बारा प्रहरीले म्याद नाघेको पेयपदार्थ बरामद गरी नियन्त्रणमा लिएको छ। प्रहरीले करिब ५ सय क्यारेट कोल्डड्रिंक्स नियन्त्रणमा लिएको हो।

शुक्रबार ५ बजेको समयमा बारा जिल्लाको कलैया उपमहानगरपालिकाबाट विभिन्न ब्राण्डका पेयपदार्थ नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ। उमहानगरपालिका वडा-१ बसोबास गर्ने अमित केसरीको नाममा दर्ता भएको केसरी एण्ड इम्पेक्सबाट ४ सय ८२ क्यारेट म्याद नाघेको पेयपदार्थ नियन्त्रणमा लिएको हो।

इम्पेक्सबाट म्याद नाघेको पेयपदार्थ बिक्री भएको भन्ने सूचना प्राप्त भएपछि कार्यालयबाट प्रहरी निरीक्षक जटाशंकर यादवको कमाण्डमा खटिएको प्रहरी टोलीले पेप्सी, स्प्राइट, माउण्टेन ड्यू, सेभेन अप, स्लाइस र मिरिन्डा बरामद गरी नियन्त्रणमा लिएको छ। नियन्त्रणमा लिएको ११ हजार ५ सय ५८ बोतल विभिन्न पेयपदार्थ पेयपदार्थको बजार मूल्य ८ लाख १९ हजार ४ सय रुपैयाँ रहेको बताइएको छ। म्याद नाघेको पेयपदार्थ नियन्त्रणमा लिई आवश्यक कानुनी प्रक्रिया अगाडि बढाएको प्रहरीको भनाइ छ।

## काभा वुमन्स भलिबल

# भारतमाथि नेपालको ऐतिहासिक जित

काठमाडौंः काभा वुमन्स नेसन्स लिग महिला भलिबलमा नेपालले भारतमाथि ऐतिहासिक जित हात पारेको छ। त्रिपुरेश्वर स्थित दशरथ रंगशालाको भलिबल कभर्ड हलमा नेपालले भारतलाई ३-२ को सेटमा हराएको हो। नेपालले २५-१८, १२-२५, २५-१७, १८-२५, १५-१३ ले हरायो।

घरेलु समर्थकको साथ पाएको नेपालले पहिलो सेटमा १२-६ को अग्रता लिँदै शानदार सुरुवात गऱ्यो। तर भारतले पुनरागमन गर्दै ११-१३ गर्दै अग्रता अंक २ मा घटाएपछि नेपालले पहिलो टाइम आउट लिएको थियो। अग्रतालाई निरन्तरता दिँदै २२-१८ मा पुऱ्याएपछि पहिलो सेटमा जित पक्का जस्तै बनेको थियो। नेपालले पहिलो सेट २५-१८ ले सहजै जितेको थियो। दोस्रो सेटमा सुरुवातमा नेपाल ६-६ को अवस्थामा थियो। तर त्यसपछि भारतले निरन्तर अंक बटुल्दै १५-१२ को सहज जित हात पाऱ्यो। खेलाडी परिवर्तनमा गल्ती गरेपछि नेपालले रातो कार्ड पाउँदा भारतले अन्तिम अंक नखेली पाएको थियो।

तेस्रो सेटमा नेपालले १६-९ को अग्रता लिँदै सहज जितको आधार तयार पारेको थियो। तेस्रो सेटमा २५-१७ को जित हात पार्दै ऐतिहासिक जित निकाल्नबाट एक सेट जित टाढा थियो। चौथो सेटमा भारत सुरुवातमा ८-३ ले अघि थियो। भारत निरन्तर चौथो सेटमा अघि थियो। भारत मध्य समयमा १५-१० ले अघि थियो। नेपालले १५-१७ बनाउँदै खेलमा फर्किने सम्भावना देखाएको थियो। निकै प्रतिस्पर्धात्मक खेलमा २ अंकले पछि परेको अवस्थाबाट लगातार पाँच अंक गुमाउँदा भारतले चौथो सेट २५-१८ ले जितेको थियो। निर्णायक पाँचौं सेटको सुरुवात प्रतिस्पर्धात्मक बनेको थियो। उषा भण्डारी र सरस्वती चौधरीको स्पाइकमा अंक जोड्दै नेपाल ५-२ को अग्रता लिदै ऐतिहासिक जितको संकेत दिएको थियो। नेपालले ८-५ मा पाँचौं सेटको कोर्ट परिवर्तन गरेको थियो। नेपाल १२-१० को अवस्थामा रहँदा भारतले टाइम आउट लिएको थियो। टाइम आउटलगत्तै अंक जोडेको थियो। १२-१३ को अवस्थामा सरस्वतीले लेफ्ट साइडबाट अंक जोडेपछि नेपाल जित भन्दा एक अंक टाढा थियो। तर भारतले पुन अंक जोड्दा खेल १३-१४ को अवस्थामा पुगेको थियो। नेपालले भारतको मोमेन्ट्स ब्रेक गर्न टाइमआउट लियो। स्रोतः अनलाइनखबर।

## एसईई २०८० को ग्रेडवृद्धि पुरक परीक्षाको केन्द्र र केन्द्राध्यक्षको विवरणसम्बन्धी जरुरी सूचना

जिल्ला परीक्षा समन्वय समितिको मिति २०८१/०३/२८ को निर्णयानुसार निम्न विद्यालयहरुमा ग्रेडवृद्धि परीक्षा २०८० को परीक्षा केन्द्रहरु निर्धारण भएको छ।

शिक्षा विकास तथा समन्वय इकाइ,

**मकवानपुर एसईई परीक्षा २०८० को परीक्षा केन्द्र, विद्यार्थी संख्या र केन्द्राध्यक्षहरुको विवरण, मकवानपुर**


| सि.नं. | परीक्षा केन्द्रको नाम | जम्मा विद्यार्थी संख्या |
|---|---|---|
| १. | बुद्ध मावि हात्तीसुँडे केन्द्र (कोड नम्बर ३३०२२) | ५२३ |
| २. | जनकल्याण मावि पालुङ केन्द्र(कोड नम्बर ३३००५) | ४८२ |
| ३. | राष्ट्रिय रोटरी मावि मनहरी केन्द्र (कोड नम्बर ३३०८०) | ४८५ |
| ४. | आधुनिक राष्ट्रिय मावि केन्द्र (कोड नम्बर ३३००३) | ६२७ |
| ५. | भुटनदेवी मावि हेटौंडा केन्द्र (कोड नम्बर ३३००१) | ४८४ |
| ६. | सिद्धार्थ मावि हेटौंडा केन्द्र (कोड नम्बर ३३०११) | ५३७ |
| ७. | बालजागृति इंग्लिस बोर्डिङ स्कूल (कोड नम्बर ३३०६९) | ३८१ |
| ८. | श्रमिक मावि कर्रा हेटौंडा (कोड नम्बर ३३०१४) | ३३८ |
| | जम्मा | ३८५७ |

**नोटः**
परीक्षा मितिः २०८१/०४/२३ गतेदेखि ३१ गतेसम्म बिहान ११:०० बजेदेखि २:०० बजेसम्म।

हाम्रो सुमो सेवाको
नयाँ प्रस्तुती...
छिट्टै सञ्चालनमा आउँदै।



Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं।

हेटौंडा-काठमाडौं-हेटौंडा
हेटौंडा-बीरगन्ज-हेटौंडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला।

भेष खड्गी, सञ्चालक
हाम्रो सुवो सेवा
हेटौंडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)
९८४५४-५७५०७, ९८५५०६८८७३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ